# सिरानचोक गाउँपालिकाको गाउँसभामा उपाध्यक्ष श्री रीता देवकोटा ज्यूद्धारा प्रस्तुत

आर्थिक बर्ष २०७८/०७९ को वजेट बक्तब्य

सिरानचोक गाउँकार्यपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

छोप्राक, गोरखा

२०७८ साल असार १० गते

**आदरणीय गाउँ सभा अध्यक्ष ज्यू,**

**सभाका सदस्य ज्यूहरु**

१. सिरानचोक गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस सम्मानित गाउँ सभामा आर्थिक वर्ष ०७८।०७९ को बजेट प्रस्तुत गर्न पाउँदा आफुलाई गौरवान्वित महसुस गरेको छु ।

२. यस अवसरमा सर्वप्रथम राष्ट्रियता, समाबेशी लोकतन्त्र, गणतन्त्र, सामाजिक न्याय र मानव अधिकारको पक्षमा बलिदान दिने ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रदान्जली अर्पण गर्दै ऐतीहासिक आन्दोलनका बेपत्ता, घाइते तथा सम्मानित नेतृत्वहरु प्रति सम्मान व्यक्त गर्दछु ।

३. कोभिड १९ को महामारीले शताब्दी कै ठुलो मानविय संकट पैदा गरिरहेको छ । यस महामारीका कारण ज्यान गुमाउने शोक सन्तप्त परिवार प्रति समबेदना प्रकट गर्दै संक्रमितहरुको शिघ्र स्वस्थलाभको कामना गर्दछु ।

४. यस्तो विषम परिस्थितिमा नेपाल सरकार र गण्डकी प्रदेश सरकार संग मिलेर कोभिड १९ ले निम्ताएको संकटको सामना गर्न प्रयत्नशील छ ।

५. नेपालको संबिधान २०७२ मा उल्लेखित राज्यको निर्देशक सिद्वान्त, मौलिक हक, नेपाल सरकार र प्रदेश सरकारको नीति तथा कार्यक्रम , संघीय ऐन, कानुन र कार्यविधिहरु बाट निर्देशित हुँदै गाउँबासीको आकांक्षा सम्बोधन गर्न गाउँसभा बाट पारित नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने गरी बजेट प्रस्तुत गरेको छु ।

६. जनप्रतिनिधि, गाउँपालिका बिषयगत समिति, राजनीतिक दलका नेतृत्वकर्ता, निजि क्षेत्र, सामुदायिक संस्थाहरु, नागरिक समाज तथा बुद्दिजीवी, युवा तथा किसानहरु लगायतका क्षेत्रको सल्लाह सुझाव र परामर्शहरुलाई समेटेर आ.व. ०७८।०७९ को बजेट तर्जुमा गरिएको छ ।

**आदरणीय सभाअध्यक्ष महोदय,**

अब म **"समृद्ध, सुन्दर, ऐतिहासिक सिरानचोकको शानः समावेशी, वातावरण अनुकुलित, सन्तुलिन विकासको अभियान"** भन्ने सिरानचोक गाउँपालिकाको दीर्घकालिन सोंचलाई मुर्तरुप दिन आर्थिक वर्ष ०७८।०७९ को बजेट निर्माण गर्दा लिइएका प्राथमिकता क्षेत्र एवम् आधारहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**प्राथमिकता क्षेत्रहरु**

- कोभिड १९ बाट सिर्जित संकट ब्यवस्थापन
- कृषि तथा पशु सेवामा आधुनिकीकरण तथा ब्यवसायिकरणको लागि विशेष जोड
- पूर्वाधार विकास
- शिक्षा क्षेत्रमा गुणात्मक सुधार
- गुणस्तर तथा सर्वसुलभ स्वास्थ्य सेवामा सुधार
- सूचना प्रविधि तथा सञ्चारमा विकास
- सुशासन प्रर्वद्धन र सार्वजनिक सेवाको गुणस्तर
- उद्यम र सहकारीताको विकास
- विपद ब्यवस्थापन पूर्व तयारी राहत वितरण र पुर्नस्थापन, पुनःनिर्माण

- विपद् जोखिम उत्थानसिल बिकास र संभाबित विपत्तिपुर्ण अबस्थामा पनि अत्यावश्क सेवा सुविधामा पहुचको सुनिश्चितता
- ऐतिहासिक तथा साँस्कृतिक पर्यटन प्रवद्र्धनको क्षेत्रमा विशेष जोड
- मानव संसाधन र सामाजिक विकास
- जलवायु उत्थानशिल कृषि तथा भूमि नमूनाको प्रयोग
- सवैको लागि स्वच्छ खानेपानीको उपलब्धता
- सामुदायिक वनको संरक्षण तथा ब्यवस्थापन
- लैंगीक हिंसा विरुद्धका कार्यक्रममा जोड

**प्राथमिकताका आधारहरु**

- वर्तमान कोभिड १९ को महामारीको चुनौती सामना गर्ने ।
- आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने,
- कृषि, पशुपालन, लघु उद्यम मार्फत स्वरोजगार सृजना गर्ने ।
- उत्पादनमूलक र छिटो प्रतिफल दिने,
- राजस्व परिचालनमा योगदान पुऱ्याउने,
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने,
- स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने,
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुऱ्याउने,
- कोहि पनि पछाडी नछुटुन भन्ने अभिप्रायका साथ बन्चितीकरणमा परेका सिमान्तिकृत समुदायलाई बिकासको मूल प्रबाहमा ल्याउने, र
- स्थान विशेषको संस्कृति र पहिचान प्रवद्र्धन गर्ने ।

**आदरणीय गाउँ सभा अध्यक्ष ज्यू,**

**सभाका सदस्य ज्यूहरु**

अव म आर्थिक वर्ष ०७८/०७९ को अनुमानित आयको संक्षिप्त विवरण यस सम्मानित सभामा पेश गर्ने अनुमति चाहन्छु ।

**राजश्व तर्फ**

विगत ४ वर्ष देखि राजश्वको दायरा फराकिलो गरिएको तर राजश्वको दरमा कुनै पनि परिवर्तन नगरिएको कुरा जानकारी गराउँदछु। एकिकृत सम्पत्तिकर, भूमिकर/मालपोत कर, घरवाहाल कर, नक्सा पास दस्तुर, सिफारिस दस्तुर, ब्यक्तिगत घटना दर्ता दस्तुर र ब्यवसाय रजिष्ट्रेशन दस्तुर गरी कुल आन्तरिक राजश्व तर्फ रु. ६० लाख, ढुङ्गा, गिटी, बालुवा, दहत्तर वहत्तरको अनुमान रु. ७० लाख गरी जम्मा रु. १ करोड आम्दानी अनुमान गरेको छु ।संघीय सरकारको राजश्व बाँडफाँड बापत रु. ७ करोड ३१ लाख ३६ हजार, प्रदेश सरकारको राजश्व तर्फ २५ लाख ६९ हजार अनुमान गरीएको छ । गाउँपालिकाले संघीय सरकार मार्फत प्राप्त गर्ने अनुदान मध्ये बित्तिय समानीकरणमा रु.१४ करोड १६ लाख, शसर्त अनुदान रु.२७ करोड ३६ लाख र प्रदेश सरकार मार्फत बित्तिय समानीकरणमा रु. १ करोड ७६ लाख १८ हजार, समपुरक अनुदान ५० लाख बिशेष अनुदान ५० लाख र जिल्ला समन्वय समिति,

गोरखाको अनुदान रु. १ करोड १० लाख, उद्योग ग्रामको लागी संघीय सरकार र प्रदेश सरकार अनुदान १ करोड २२ लाख, बडा काजी अमर सिह पार्कको लागी संघीय सरकारको अनुदान २ करोड १० लाख अघिल्लो आर्थिक वर्षको अनुमानित रु.१ करोड ५० लाख गरी कुल बजेट जम्मा रु. ५६ करोड ९७ लाख २३ हजार अनुमानित आय पेश गरेको छु ।

**अध्यक्ष महोदय,**

अव म आर्थिक वर्ष ०७८/०७९ को अनुमानित ब्यायको संक्षिप्त विवरण यस सम्मानित सभामा पेश गर्ने अनुमति चाहन्छु ।

क) चालु खर्च रु. ८,८७,०५000.00

ख) वडागत सिलिङ रु. ४,८५,१७,000.00

ग) विषयगत शाखा रु. ५,३६,७६,0000.00

घ) समपूरक कोष रु. ४,२०,००,000.00

ङ) उद्योग ग्राम रु. १,२२,००,000.00

च) अमर सिह पार्क रु. २,१०,००,000.00

छ) शर्सत खर्च रु. २७,३६,००,000.00

ज) अन्य खर्च रु. ३,००,२५,000.00

**अध्यक्ष महोदय,**

खर्च तर्फ चालु अनुमानित खर्च रु. ८ करोड ८७ लाख पाँच हजार, गाउँपालिकाको सार्वजनिक विकास निर्माण लगायत विभिन्न विषयगत शिर्षकमा खर्च गरिने रकम ४८ करोड १० लाख १८ हजार गरी जम्मा रु. ५६ करोड ९७ लाख २३ हजार अनुमानित ब्यय पेश गरेको छु ।

**आदरणीय सभा अध्यक्ष ज्यू,**

**सभाका सदस्य ज्यूहरु**

अब क्षेत्रगत रुपमा मुख्य कार्यक्रम तथा विनियोजन गरिएको वार्षिक बजेट प्रस्तुत गर्न चाहान्छु ।

**आर्थिक विकास तर्फ**

**क) पशुसेवा**

गाउँपालिकालाई मासु, माछा, दुध र अण्डामा आत्मनिर्भर बनाउने उदेश्यले **"बाखा पैचो कार्यक्रम"** तथा **"गाइ भैसी सुत्केरी खर्च कार्यक्रम"**, सिरानचोक गाउँपालिका वडा नं. ३ मा संचालित संघीय सरकारको सहकार्यमा भैसी पकेट कार्यक्रम, बाखा पालन, कृषकहरुलाई व्यवसायीक पशुपालकमा रुपान्तरण गर्न **नामरुङ पशुपालन** कार्यक्रम , दरौंदी करीडोरमा संचालनमा रहेको **माछा पकेट प्रर्वदन कार्यक्रम,** बंगुर पालन र दुग्ध उत्पादनको निम्ती गाई पालन सम्बन्धी कार्यक्रम, उन्नत नश्लका प्रजातीद्वारा पशु प्रजनन कार्यक्रम, गोठ र खोर सुधार कार्यक्रम, पशु स्वास्थ्य विकास कार्यक्रम, पशु आहारा विकास कार्यक्रम, कृषक अध्ययन अवलोकन भ्रमण, आकस्मिक रोग नियन्त्रण, डिस्पेन्सरी व्यवस्थापन र वडा स्तरीय पशु व्यवसायीक संजाल गठन लगायतका कार्यक्रमहरु संचालन गर्न कुल रु.८१ लाख विनियोजन गरेको छु ।

ख)   **कृषि**

गाउँपालिका भित्र रहेका बाँझो जग्गाको अध्यावधिक गरी अभिलेख राख्न, कृषि क्षेत्रमा उपयोग गरिने अनुदानलाई सकारात्मक विभेदीकरणको आधारमा वितरण गर्नको लागि कृषकहरुको वर्गिकरण र परिचय पत्र वितरण गर्न, चेपे करीडोरमा अलैची खेतीको विस्तार गर्न, सिरानचोकको चोरकाटेमा रहेको कृषि कार्यालयको जग्गामा कृषि नर्सरी स्थापना गर्न, कफी खेती, किवि वेंगचा व्यवस्थापन, कृषि मेला पर्दशनी, साना सिंचाई, प्लास्टिक पोखरी, मौरी पालन तालिम र घार वितरण, कृषक अध्ययन अवलोकन भ्रमण, प्लास्टिक टनेल, जैविक मल, कृषक प्रोत्साहन कार्यक्रम र आधुनिक कृषि औजार सहित कृषि तर्फको कार्यक्रमको लागि कुल जम्मा रु. ८१ लाख ७३ हजार विनियोजन गरेको छु ।

ग.   **पर्यटन**

**"हाम्रो इतिहास, हाम्रो गौरव, हाम्रो पर्यटन"** को अवधारणा अनुसार तत्कालिन गोरखा राज्यको रक्षा किल्लाको रुपमा रहेको ऐतिहासिक, पुरात्विक, धार्मिक, सिरानचोक कोटको परिसर निर्माण, राष्ट्रिय विभूति अमरसिंह थापा पार्क निर्माण तथा नेपाल एकिकरणका विर योद्धा झागल गुरुङको सम्झनामा सालिक सहितको स्मारक उद्यान निर्माण, भग्नावशेष सिरानचोक गढीको पुर्न निर्माण एवं संरक्षण, नेपाल एकिकरण स्मारक पार्क, साहसिक पर्यटनको सम्भावनाको खोजी, धार्मिक तथा साँस्कृतिक महत्व बोकेका मठ मन्दिरहरुको अभिलेख, बाबा गोरखनाथको बालकृडा रहेको स्थल श्रीनाथ बाबा, श्रीनाथ मण्डली र जोगी गुफाको निर्माण तथा प्रचार प्रसार गर्ने गरी रु.३ करोड  रुपैया विनियोजन गरेको छु ।

घ.   **सहकारी**

गाउँपालिका भित्र रहेका सहकारीहरुको लेखा प्रणाली व्यस्थापन र सहकारी संचालनको सम्बन्धमा संस्थागत क्षमता विकास, अनुगमन र समायोजन कार्यक्रम संचालन गर्न रु. ४ लाख विनियोजन गरेको छु । साथै गाउँपालिका भित्र रहेका सवै सहकारीहरुले ऋण प्रदान गर्दा आफ्नो लगानीको ३० प्रतिशत रकम कृषि, पशुपालन र पर्यटन तथा व्यवसायिक क्षेत्रमा लगानी गर्नुपर्ने व्यवस्थालाई कडाइका साथ लागू गरिनेछ ।

ङ.   **उद्योग**

गाउँपालिका भित्र लघु तथा घरेलु उद्योगहरुको प्रबर्द्धन र उद्योग व्यवसाय संचालन गर्न चाहने व्यवसायिहरुको क्षमता वृद्धि तथा सीप मुलक तालिम गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) र संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको सहकार्यमा सिरानचोक गाउँपालिका वडा नं. ४ चोरकाटेलाई उद्योगग्रामको निर्माण कार्य सुरु गर्न रु. १ करोड २२ लाख विनियोजन गरेको छु ।

**<u>सामाजिक विकास तर्फ</u>**

**क)   शिक्षा तथा खेलकुद**

विगतको आ वा २०७५/७६ र २०७६/७७ गाउँपालिका अध्यक्ष शैक्षिक सुधार कार्यक्रमले शैक्षिक क्षेत्रमा भएको प्रगतीलाइ समिक्षाका आधारमा गाउँपालिकामा रहेका सामुदायिक विद्यालयलाई "**सिरानचोक भविष्यको लागि शिक्षामा गुणस्तरीय सुधार**" भन्ने अभियानका साथ कार्यक्रम संचालन गरिनेछ ।यस कार्यक्रमलाई सहयोग पुऱ्याउन निम्नानुसार वजेट व्यवस्था गरेको छु ।"**सिरानचोकको शिक्षामा प्रतिभा खोजी कार्यक्रम"** समेत सँचालन गरिनेछ ।

विद्यालय कार्यालय सन्चालन खर्च, विभिन्न खोज तथा अनुसन्धानको कार्यलाइ सामुदायिक विद्यालयबाट सुरुवात गर्न, विद्यालय विशेष कार्यक्रम अन्तर्गत आहाल भन्ज्याङ मा.वि.मा ऐतिहासिक संग्रालय निर्माण, महेन्द्र लिला मा.वि. बाल मैत्री नमुना विद्यालय, परोपकार आदर्श मा.वि. साँस्कृतिक संरक्षण, मण्डली मा.वि. विज्ञान प्रयोगशाला र संसारी महेन्द्र मा.वि. लाई खेलकुदको हब निर्माण गर्न, सवारी साधान अनुदान, शिक्षक दरवन्दी नभएका विद्यालयलाई सहयोग पुऱ्याउन शैक्षिक संस्था अनुदान गरी व्यवसायीक शिक्षा मार्फत ज्ञान सिपको व्यवस्था मिलाउन प्राविधिक शिक्षाका लागि १ वटा शैक्षिक संस्थालाई अनुदान र सिरानचोक गाउँपालिका राष्ट्रपति रनिङ्ग शिल्डको आयोजक पालिका भएको हुँदा राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता आयोजना सहितको कार्यक्रमका लागि शिक्षा तर्फ रु १ करोड ५० लाख विनियोजन गरेको छु ।

**ख) स्वास्थ्य**

कोभिडको महामारीको तेस्रो भेरियन्टलाइ समेत मध्ये नजर गर्दै पुर्व तयारी, प्रकोप व्यवस्थापन कोष, स्वास्थ्य सेवालाई सुलभ र गुणस्तर वृद्धि गरी प्रत्यक्ष रुपमा जनताको सेवामा समाहित गराउन निःशुल्क औषधी वितरणको खरिद, **श्रीनाथ विपन्न परिवार स्वास्थ्य बिमा कार्यक्रम जेष्ठ नागरिक स्वास्थ्य भेटघाट कार्यक्रम, उपाध्यक्ष आमा स्वास्थ्य कार्यक्रम,** महिनामा १ पटक संचालन हुदै आएको गाउँघर क्लिनिकलाई महिनामा २ पटक संचालन गरिने कार्यक्रमलाइ निरन्तरता दिइनेछ। थालाजुङ्ग सामुदायिक विकास केन्द्रको साझेदारीमा थालाजुङ्ग स्वास्थ्य चौकीमा चिकित्सक सेवा सुचारु गर्न र बिरामीको चाप तथा क्षेत्रगत अवस्थालाइ मध्यनजर गर्दै गाखु स्वास्थ्य चौकीलाइ ५ शैय्याको अस्पताल लगायतका सम्पूर्ण कार्यक्रमका लागि जम्मा रु. १ करोड ४७ लाख ५३ हजार विनियोजन गरेको छु ।

**ग. महिला तथा वालवालिका लक्षित कार्यक्रम र योजना**

महिला, दलित, आदिवासी जनजाति, सिमान्तकृत जातिहरुको शसक्तिकरण गर्न र उनीहरु सँग भएको परम्पार ज्ञान र सिपलाई आधुनिकीकरण गरी उद्यम व्यवसायमा परिणत गर्दै जिविकोपार्जन कार्यक्रम संचालन गर्न, **सिरानचोकमा सामाजिक सत्कार अभियान**, अपाङ्ग, वृद्ध, अशक्त, एकल महिला आवश्यक संरक्षण र सकारात्मक विभेदीकरणको नीति अनुसार सहयोग गर्न, बाल बालिका हक अधिकार र बाल संरक्षण सम्बन्धि कार्यक्रम संचालन गर्न, सिमान्तकृत जाति, आदिवासी जनजातिको धार्मिक एवं संस्कृति सम्बन्धी कार्यक्रम संचालन गर्न र लैङ्गिक हिंसा न्यूनीकरण गर्न कुल बजेट रु.७६ लाख ५० हजार विनियोजन गरेको छु ।

**अध्यक्ष महोदय,**

**भौतिक पूर्वाधार विकास तर्फ**

**सिरानचोक गौरवको आयोजनाको रुपमा** विकास गरिने सिरानचोक मध्यमार्गको स्तरोन्नती यसै वर्ष देखि सुरु गर्न निर्माण (लाङ्दी वेशी, उपल्लो गोहोरे, वडा नं. ७ को कार्यालय, झारगाउँ, दारेगौडा, गैरागाउँ, नामरुक पात्ले, गाग्रे, चित्रेपोखरी), पालिका भित्र सडक निर्माणका कार्यहरुमा अपवादमा वाहेक सवै सडकहरुको पालिका र वडागत बजेट मार्फत स्तरोन्नती गर्न, एक घर एक धारा खानेपानीको आयोजना सँग सँगै स्वच्छ खानेपानीको लागि कार्यक्रम गर्न, भौतिक पूर्वाधार आयोजनाको मर्मत सम्भार गर्न, भौतिक पूर्वाधार तर्फ सडक, सिंचाई, उर्जा, भवन र नयाँ वस्तीमा विद्युत विस्तार गर्ने गरी अनुमानित बजेट रु ३

करोड २३ लाख विनियोजन गरेको छ । चालु आर्थिक वर्षको प्रत्येक आयोजनाबाट ०.५ प्रतिशत अनुदान कट्टा गरी कोष संचालन गरिनेछ ।

**वन, वातवरण तथा विपद् व्यवस्थापन तर्फ**

विपद जोखिम न्यूनीकरणलाई विकासको मूल प्रवाहीकरणमा रहने गरी सम्भावित विपदलाई ध्यानमा राखी विपद व्यवस्थापन सम्बन्धि कार्यक्रम संचालन गर्न, पानी मुहान संरक्षण, विपद प्रतिरोधी पूर्व तयारी तथा चेतना मुलक कार्यक्रम, पहिरो नियन्त्रण, ढुङ्गा गिटी बालुवाको वातावरणीय प्रभाव मुल्याङ्कन, वन डढेलो दिगो व्यवस्थापन, वृक्षा रोपण कार्यक्रम, नदीहरुमा तटबन्धन निर्माण, पोखरी संरक्षण, आकाशेपानी पोखरी निर्माण, चौतारा संरक्षण, धुवा रहित चुलो वितरण, वायो ग्याँस मर्मत तथा जडानको लागि अनुमानित रु ४५ लाख बजेट विनियोजन गरेको छ ।

**न्यायीक समिति**

समूदायमा न्यायीक पहुँच अभिवृद्धी गर्न, कानुनी सचेतना र कानूनी साक्षरता वृद्धि गर्न, आवश्यक सूचना मूलक सामग्री प्रकाशन र प्रशारण गर्न, न्यायीक कार्य सम्पादन गर्न, वडामा स्थापना भएका मेलमिलाप केन्द्रलाई ब्यवस्थित गर्न र मेलमिलाप कर्तालाई तालिम, न्यायिक कार्यकक्ष निर्माण गर्न अनुमानित रु २५ लाख बजेट विनियोजन गरेको छ।

**संस्थागत विकास र सुशासन तर्फ**

नतिजामुलक व्यवस्थापनको नीतिलाई अवलम्बन गरी कर्मचारीको क्षमता वृद्धि, संस्थागत क्षमता अभिवृद्धि, नागरीकलाई सेवा प्रवाहको प्रकृया जानकारी गराई सेवालाई छिटो छरीतो गर्नको निम्ति सूचना प्रविधिको समुचीत प्रयोग गर्न, सौर्य उर्जा, विद्युतीय हाजिरी, सफ्टवेर खरीद, मोवाईल एप्सको विकास, सवारी साधन खरीद, नागरिक वडापत्र निर्माण, पञ्जिकरण व्यवस्थापन, जनप्रतिनिध तथा कर्मचारीको क्षमता वृद्धीको लागि तालिम र पर्यटन प्रवद्धन भ्रमणका लागि समेत अनुमानित रु ५५ लाख बजेट विनियोजन गरेको छ ।

**अध्यक्ष महोदय,**

सिरानचोक गाउँपालिकाको चौतर्फी विकास हाम्रो चाहाना अभियानलाई पूरा गर्नको लागि यो वजेट सार्थक सिद्ध हुने विश्वास लिएको छ । संघ तथा प्रदेशबाट प्राप्त गर्ने वित्तीय सम्मानीकरण, सशर्त, राजश्व बाँडफाँडको रकम समयमा प्राप्त हुन्छ भन्ने विश्वास लिएको छ ।

प्रस्तुत गरिएको बजेट कार्यान्वयनबाट सिरानचोक वासिको समृद्धी, अधिकारको सुनिश्चतता, सार्वजनिक सेवाको प्रभावकारीता र गुणस्तर वृद्धि हुने विश्वास लिएको छ । आगामी आर्थिक वर्ष सिरानचोकको पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि, पशु विकास, सामाजिक सेवा, सुशासनको क्षेत्रमा महशुस हुने गरी परिवर्तन हुने अपेक्षा राखेको छ । यो बजेट गाउँपालिकामा कर्मचारी आवश्यकता अनुसार आपूर्ति, कार्ययोजना निर्माण गरी कार्य सम्पादन, सवै सरोकारवालाहरुको सयोग भएमा १०० प्रतिशत कार्यन्वयन हुनेमा पूर्ण विश्वस्त छ ।

अन्तमा वजेट तर्जुमा गर्दा मार्ग निर्देश गर्ने गाउँपालिकाका सदस्यहरु, कार्यपालिका, बौद्धिक वर्ग, कर्मचारीलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

**धन्यवाद ।**

**जय सिरानचोक,**

**रीता देवकोटा**
**उपाध्यक्ष**